"दिगो विकास र सुशासनको स्थापना,
समृद्ध समाज निमार्ण गर्ने हाम्रो परिकल्पना"

# वार्षिक प्रगति प्रतिवेदन






## आ.व. २०७९/०८०

## प्रकाशकः

**Saewcc-Nepal, Dailekh**
सेवक-नेपाल, दैलेख
मूख्य कार्यालय : दुल्लु नगरपालिका-५, दैलेख
सम्पर्क कार्यालयः नारायण नगरपालिका-१, दैलेख
सम्पर्क नं.: ०८९-४२०१२३/४११०८९
Email: saewccnepaldailekh@gmail.com

## १.संस्थाको संक्षिप्त परिचय र पृष्ठभूमी :

## संस्थागत परिचय (Introduction):

सेवक-दैलेख ग्रामिण समूदायमा सामाजिक सेवा दिने उद्देश्यले २०६३ मंसिर २७ जिल्ला प्रशासन कार्यालय दैलेखमा दर्ता भई २०६३ पौष २८ मा समाज कल्याण परिषद्मा आवद्ध भएको सामाजिक संस्था हो । संस्था स्थापना कालदेखी बिभिन्न सहयोगी निकायको सहयोगमा पूर्वाधार विकास, प्राकृतिक स्रोत साधनहरुको दिगो व्यवस्थापन, कृषि, शिक्षा, स्वास्थ्य, बित्तिय साक्षरता, उद्यम बिकास, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, पोषण तथा खाद्य सुरक्षा र सुशासनको क्षेत्रमा काम गर्दै आईरहेको दिगो कृषि तथा वातावरण र जलस्रोत संरक्षण केन्द्र (सेवक) दैलेख संस्थाको नाम संशोधन गर्ने मिति २०८०/०३/१७ गते जिल्ला प्रशासन कार्यालय, दैलेखको निर्णय अनुसार नाम संशोधन भई **सेवक-नेपाल, दैलेख** कायम भएको एक मुनाफा रहित गैर सरकारी संस्था हो ।

यस संस्थाले आफ्नो स्थापना कालदेखी बिभिन्न सहयोगी निकायको सहयोगमा पूर्वाधार विकास, प्राकृतिक स्रोत साधनहरुको दिगो व्यवस्थापन, कृषि, स्वास्थ्य, शिक्षा, सुशासनमा योगदान पुऱ्याउने कार्यक्रमहरु अन्तर अन्तरगत लक्षितवर्ग/समुदाय केन्द्रीत गर्दै टि. डि.एच. नेपालको आर्थिक सहयोगमा सन् २००७ देखी द्वन्द्वले असर पारेका वालवालिका र तिनका परिवारलाई मनोविमर्श सेवा, १७ अगष्ट २००७ देखी डि.एफ.आई.डि. /सि.एस.पि. को आर्थिक सहयोगमा द्वन्द्व पिडित तथा बिपन्न एकल महिलाहरुको लागी जिवीकोपार्जन कार्यक्रम संचालन सन् २००९ मा सम्पन्न गरेको छ । त्यसै गरि जिबिस/एल.जि.सि.डि.पि.को आर्थिक सहयोगमा सामाजिक परिचालन कार्यक्रम, एस.एस.एम.पि.हेल्भेटास स्वीस इन्टरकोपरेसन नेपालको आर्थिक सहयोगमा दिगो कृषि प्रवर्द्धन कार्यक्रम, गरिव तथा बिपन्न वर्गका जेहेन्दार छात्र छात्रालाई २४ महिने कृषि जेटिए अध्ययन कार्यक्रम, किसान-किसान कृषि प्रसार कार्यक्रम, गाउँ क्षमता बिकास योजना निर्माण कार्यक्रम, जिल्ला शिक्षा कार्यालयको आर्थिक सहयोगमा साक्षरता अभियान कार्यक्रम, जिबिस दैलेखको आर्थिक सहयोगमा यूवा साझेदारी कार्यक्रम, जिल्ला कृषि बिकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयको समन्वयमा कृषि तथा पशुबिकास कार्यक्रम, नेपाल सरकार सहकारी तथा गरीवी निवारण मन्त्रालय अन्तरगत पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना आयोजना समन्वय इकाई दैलेखको आर्थिक सहयोगमा सिलाई कटाई तालिम, कृषि, पशु तथा क्षमता बिकास तालिम, बाखालाई भ्याक्सीन, सहकारी गठन तथा क्षमता बिकास तालिम, कुखुरा पालनमा सहयोग जस्ता कार्यहरु २०७१ आषाढ मसान्त सम्म, हेल्भेटास स्वीस इन्टरकोपरेसन नेपालको आर्थिक सहयोगमा सुशासन कार्यक्रम, एम.एस.एफ.पि.को आर्थिक सहयोगमा बहुसरोकारवाला बन कार्यक्रम, कोम्याट आस्था जेभि को आर्थिक सहयोगमा स्थानीय सरकारको जवाफदेहिता परियोजना र शिक्षाका लागी खाद्यान्न कार्यक्रम अन्तरगत बिश्व शिक्षाको आर्थिक सहयोगमा प्रारम्भिक तह पढाई सिप कार्यक्रम २०७५ आषाढ मसान्त सम्म, यू.एस.आई.डि.को आर्थिक सहयोगमा कृषि, स्वास्थ्य तथा बैकल्पिक जिबिकोपार्जन प्रवर्द्धन (पहल) कार्यक्रम २०७६ आषाढ मसान्त सम्म, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय मार्फत घरेलु तथा साना उद्योग बिकास समिति कार्यालयको सहयोगमा गरिवी निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम, एन.एम.ए. हेल्भेटास स्वीस ईन्टरकोअपरेसन नेपालको आर्थिक सहयोगमा पोषण संबेदनशिल कृषि अभ्यास बिस्तार (सन्साई) र ग्रामिण सेवा प्रदायकहरुको क्षमता बिकास (सि.डि.पि.) कार्यक्रम, यू.एस.आई.डि./डि.ए.आई. को सहयोगमा पानी परियोजना र यू.एन. डि.पि.को सहयोगमा खोप लगाएका व्यक्तिको अनलाईन नाम दर्ता, नारायण नगरपालीकामा गढी मर्मत तथा पूर्वाधार र आयआर्जन कार्यक्रम २०७९ असार मसान्तमा सम्पन्न गरेको छ भने मर्सिकोर नेपालको सहयोगमा भकारी परियोजना २०८० श्रावण १५ गते सम्पन्न गर्दैछ ।

## २. सस्था दर्ता मिति, नविकरण मिति र दर्ता गरिएको जिल्ला

| क्र.स. | विवरण | मिति | दर्ता नं |
|---|---|---|---|
| १ | संस्था दर्ता ऐन, २०३४ अनुसार विधिवत् रुपमा जिल्ला प्रशासन कार्यालय दैलेखमाा दर्ता | २०६३/०८/२७ | १६५ |
| २ | समाज कल्याण परिषद्मा आवद्धता | २०६३/०९/२८ | २१३११ |
| ३ | गैर सरकारी संस्था महासंघ नेपालमा आबद्धता | २०६४/०३/१० | १७ |
| ४ | आन्तरिक राजश्व कार्यालय स्थायी लेखा नम्बर | २०६३/०९/२८ | ३०२५२१६८१ |
| ५ | आर्थिक प्रशासनक नियमावली | २०६५/०९/२ | |
| ६ | कर्मचारी प्रशासन नियमावली | २०६५/०९/२ | |
| ७ | बाल संरक्षण निति | २०६४/१२/२१ | |
| ८ | लैङ्गिक सामाजिक समाबेशिकरण निति | २०६८/०८/२७ | |
| ९ | सवारीसाधानसञ्चाल नियमावली | २०७४/०६/०४ | |

## ३. संस्थाको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्यहरु (VMGOs) तथा नक्शा

### ३.१. दृष्टिकोण (Vission)

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट बिपन्न वर्गको कृषि क्षेत्रमा रहेको संलग्नतामा संरचनात्मक परिवर्तन गर्ने प्रवर्द्धनकर्ताको रुपमा स्थापित भई ग्रामीण समुदायको गरिबी निवारणको लागि उनिहरुकै सहभागीतामा समूह पद्धतिको माध्यमबाट कृषिको उन्नत प्रबिधि र कृषि बिकाससँग सम्बन्धित भौतिक पूर्वाधारहरुको निर्माण गर्ने र कला संस्कृतिको संरक्षण गर्दै राष्ट्रिय स्वाभिमानको पहिचान गर्न अनुशासित नागरिक तयार गर्न पहल गर्ने ।

### ३.२. परिकल्पना (Mission): "समुन्नत समाजको निर्माणगर्ने" ।

### ३.३. लक्ष्य (Goal)

पूर्वाधार विकास, प्राकृतिक स्रोत साधनहरुको दिगो व्यवस्थापन, शिक्षा तथा स्वास्थ्य र सुशासनमा योगदान पुऱ्याउने कार्यक्रमहरुकासंचालनबाट समुदायबासीको आय स्तरमा बृद्धि गरी गरिबी निवारणमा टेवा पुऱ्याउने ।

### ३.४. उद्धेश्य (Objectives)

- ब्यवसायीक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हाँसिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान दिने ।
- कृषि उत्पादन एवं उत्पादकत्व बढाउने ।
- कृषि तथा भेटेरिनरी सम्बन्धी कृषकहरुको क्षमता बृद्धिको लागि तालिम सञ्चालन गर्ने ।
- समूदायको बिकासका लागि शिक्षा, स्वास्थ्य, सरसफाई, चेतना, खानेपानी, सिप विकास तथा आयआर्जन हुने खालका विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
- समूहलाई सहकारीतामा विकास गरी कृषि जन्य बस्तुहरुमा आधारित उद्योग एवं ब्यवसायको प्रवर्द्धन गर्दै आन्तरिक बजार बिकास र निर्यात प्रवर्द्धन गर्ने ।
- माटोको उर्वरा शक्ति जोगाउन दिगो भू-व्यवस्थापन प्रबिधिहरुको प्रयोग तथा विस्तार र लघुपूर्वाधारको विकासमा जोड दिनकालागि विभिन्न कार्यक्रम संचालन गर्ने ।
- समूदायमा लैंङ्गिक, जातीय र आर्थिकरुपले पिछडिएका वर्गको स्वास्थ्य स्थितिमा सुधार तथा पोषण सम्बन्धी क्रियाकलापको माध्यमबाट सामाजिक विकासमा सहयोग गर्ने ।
- स्थानीय श्रोत साधनको परिणाममुखि परिचालन गरी योजनावद्ध दिगो विकास थालनी गर्न तथा सेवा प्रदायक निकायलाई जवाफदेही र उत्तरदायीत्वको बोध गराउनको लागि सेवाग्राहीहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन गर्ने ।
- अनाथ, टुहुरा, द्धन्द्धपिडित बालवालिका, असहाय, अपाङ्ग, बृद्ध, महिला, दलित तथा पिछडिएका बर्गको आर्थिक, सामाजिक, अवस्था सुदृढिकरण एवं हकहित संरक्षणका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने।
- कला, संस्कृति र खेलकुदको संरक्षण तथा सम्बर्द्धन गर्दै राष्ट्रिय स्वाभीमानको पहिचान गराउने र अनुशासित नागरिक बनाउन बिभिन्न कार्यक्रमहरु गर्ने ।
- संस्थासंग आवद्ध मानवीय पक्षहरुको विकासमा जोड दिदै संस्था र संगठनात्मक विकासका लागि विभिन्न निकायसंग समन्वय तथा सहकार्य गरी शुसासनमा विशेष जोड दिने ।

# दैलेखको जिल्लाको नक्शामा संस्थाको कार्य क्षेत्र र सञ्चालित कार्यक्रमहरू



**यस आर्थिक वर्षमा संचालित कार्यक्रम र कार्यक्षेत्र**

**४. आ. व. २०७९/०८० मा संचालित कार्यक्रमहरुको संक्षिप्त विवरण :**

| क्र.सं. | कार्यक्रमको नाम | दातृ निकाय | कार्यक्षेत्र | बजेट (ने.रु) |
|---|---|---|---|---|
| १ | भकारी परियोजना | यू.एस.ए.आई.डि./मर्सिकोर | दैलेख जिल्लाका ५ वटा पालिकामा कृषि,सिंचाई, स्वास्थ्य, प्राकृतिक स्रोत व्यवस्थापन | ३०,२१०,००० |

## ५. कार्यक्रमहरुको विस्तृत विवरण

**५.१ परियोजनाको शिर्षकः** Building Hope Along the Karnali River Basin (Bhakari)

**कार्यक्रमको अवधि** : सेप्टैमबर २०१९ देखि जुलाई २०२३ (३ बर्ष)

**कार्यक्षेत्र :** दैलेख जिल्लाका चामुण्डाबिन्द्रासैनी नगरपालिका, आठबिस नगरपालिका र दुल्लु नगरपाीलका र ठाँटीकाँध गाँउपालिकार भैरवी गाँउपालिका

**लक्ष्य :**नेपालको मध्य र सुदुरपश्चिमका पहाडी तथा उच्च पहाडी जिल्लामा जोखिममा रहेका समुदायको खाद्य सुरक्षित हुनेछन् ।

**कार्यक्रमको उद्धेश्यः**

- जोखिमको अवस्थामा रहेका समुदायको खाद्य उपलब्धताको अवस्थामा सुधार ल्याउने
- जोखिमको अवस्थामा रहेका घरधुरीको आम्दानी बढाउने
- जोखिमको अवस्थामा रहेका घरधुरीको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउने ।

**संचालित क्रियाकलापहरु :**

**१.कृषि क्षेत्र**

- कृषिजन्य श्रोत साधन तथा उत्पादन प्रविधिमा सुधार
- एकिकृत शत्रुजिव व्यवस्थापन प्रबर्द्धन
- कृषिजन्य उत्पादनको संकलन सुधार
- कृषिको बजार संरचनामा सुधार
- दलित महिलामा लक्षित बाख्रापालन कार्यक्रम
- साना सिंचाइ प्रबिधि प्रबर्द्धन

**२.पोषण तथा सरसफाइ**

- सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि तथा आवश्यक सामाग्री वितरण
- खुल्ला दिशामुक्त क्षेत्र घोषणा पछिको अभियानमा सहयोग
- खानेपानी तथा उत्पादनमुलक पानीको उपलब्धता तथा संरचनामा सुधार
- करेसाबारी तालिम तथा प्रदर्शनी
- पोषण सम्बन्धि सन्देशहरुको प्रकाशन, प्रसारण तथा वितरण

**३.विपद् जोखिम न्यूनिकरण**

- विपद् जोखिम न्युनिकरण संरचनामा सीमान्तकृत समुदाय तथा महिलाहरुको सहभागिता
- प्रभावकारी विपद् जोखिम व्यवस्थापन सेवा, रणनीति तथा प्रविधिहरु
- विपद् जोखिम न्युनिकरण संरचनाको विकासमा समुदाय तथा अन्य सरोकारवालाको क्षमता अभिवृद्धि
- पूर्व सुचना प्रणाली स्थापना र संचालन

- परिवार तहमा विपद् जोखिम न्युनिकरण योजना निर्माण
- मौसम तथा जलवायू सम्बन्धि सुचना सेवामा सुधार

**४. प्राकृतिक श्रोत व्यवस्थापन**

- सामुदायिक परिचालनद्धारा प्राकृतिक श्रोत व्यवस्थापन अभ्यास सबलीकरण
- परिवार तहमा प्राकृतिक श्रोत व्यवस्थापन अभ्यास मार्फत उत्पादन अभिवृद्धि तथा जोखिम न्युनिकरण
- प्राकृतिक श्रोत उपभोक्ता समितिमा सीमान्तकृत समुदाय तथा महिलाहरुको सहभागिता अभिवृद्धि
- प्राकृतिक श्रोत व्यवस्थापन सम्बन्धि विवाद न्युनिकरण
- नीजि क्षेत्रको लगानी द्धारा दिगो श्रोत व्यवस्थापन तथा जोखिम न्युनिकरण
- वातावरणीय सुशासन

**५.वैकल्पिक जिविकोपार्जन र वित्तिय सेवा**

- व्यवसाय विस्तारमा सहयोग
- गैर कृषि उद्यम प्रवर्द्धनका लागि व्यावसायिक तालिम
- वित्तिय सेवामा पहुच अभिवृद्धि
- नाफामुलक गैर कृषि बजारसंग संजाल विस्तार
- विप्रेषण (Remittance) व्यवस्थापन सुधार

**६.लैंगिकता र सामाजिक समावेशीकरण**

- लैंगिक लेखाजोखा मार्फत विभिन्न लिंग, जाति, उमेर समूहहरुको क्षमता तथा चुनौतिहरु पहिचान गरी प्रकोप विपद्को सामना गर्न सक्षम बनाउन सहजिकरण गर्ने
- लैंगिक समानता तथा समाजिक समावेशीकरण विषयमा कार्यक्रमका सरोकारवालाहरुको क्षमता अभिवृद्धि

**उपलब्धी :**

- साबिकका ६ वटा गाविस (कालिका, द्बारी, मेहेल्तोली, जगनाथ, लयाटीबिन्द्रासैनी र तिलेपाटा) मा कृषि क्षेत्रमा कृषि समुहरु गठन भएकोमा राज्यको पुनः संरचना पश्चात  पुर्नगठन गरि सामुहिक रुपमा आधुनिक कृषि खेतीमा विभिन्न तालीम, वैठक तथा गोष्ठी मार्फत उनीहरुलाई जनचेतना गराइएको छ।
- कृषि क्षेत्र अर्न्तरगत उन्नत प्रविधीको प्रयोग गरि समुहमा आवद्ध किसानहरुलाइ कृषि खेती प्रदर्शनी कार्यक्रम गरिएको छ।
- सिंचाइको अभाव भएरहेको जग्गामा पानीको स्रोत पत्ता लगाइ विभिन्न ठाउँका पानीको समस्यामा परिरहेका किसानहरुको जग्गामा वहुउदेशीय पानी कार्यक्रमको आयोजना तथा प्लाष्टिक पोखरी वनाउने कार्यक्रम भएको छ।
- गरिव तथा दलित महिला लक्षित वर्गहरुको उत्थानको लागी वोका सहयोग तथा खोर निमार्णवाट वाखापालनमा टेवा पुऱ्याउने कार्यक्रम गरिएको छ।
- विपद् व्यवस्थापन सम्वन्धी विभिन्न अभिमुखिकरण तालीम, गोष्ठी र अभिमुखिकरण कार्यक्रम अन्तरगत समुदायलाई जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ।
- विपद् न्यूनिकरणको लागी पुर्वतयारी सम्वन्धी विभिन्न तालीम, गोष्ठी र अभिमुखिकरण कार्यक्रम अन्तरगत समुदायलाइ जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ।
- वार्ड समुदायमा विभिन्न विपद् व्यवस्थापनका समितिहरुको गठन गरि विपत जोखिको न्यूनिकरण का लागी परिचालन गरिएको छ।
- जिल्ला स्तरमा विभिन्न विपद् व्यवस्थानका लागी समिति गठन तथा पुर्नगठन गरि उनीहरुको क्षमता अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।
- जिल्ला बिपद् ब्यस्थापन समिती दैलेखलाई विभिन्न गैर खाद्य सामग्रीहरु सम्भाव्य विपद् न्यूनिकरणका लागी सामग्री हस्तान्तरण गरिएको छ।
- विपद् जोखिम न्यूनिकरण कार्यक्रमका लागी विभिन्न निति नियमहरुको तथा जिल्ला बिपद् प्रतिकार्य योजना निर्माणमा सहयोग गरिएको छ।

- पुर्ण सरसफाईको अभियानमा सहयोग तथा सहजीकरणका लागी विभिन्न वानी व्यवहार परिवर्तन सम्वन्धी प्रर्दशनी, तालीम र वैठकको आयोजना गरिएको छ ।
- वाल क्लवहरुलाई सरसफाइ सम्वन्धी विदयालय स्तरका विभिन्न कृयाकलापहरु गरिएका छन ।
- सरसफाइलाई सहयोग पुऱ्याउन विभिन्न बिद्यालयहरुमा हातधुने धाराहरुको निमार्ण गरिएको छ ।
- पुर्ण सरसफाईका अभियानमा सहयोग पुऱ्याउनको लागी विभिन्न समुदायमा र जिल्ला स्तरमा विभिन्न Day celebration का कृयाकलापहरु संञ्चालन गरिएको छ ।
- वित्तिय सेवा अन्तरगर्त समुदायका सदस्यहरुले ऋण लिएर आफनो व्यवसाय गर्न सकुन भन्ने उद्धेश्यका साथ विभिन्न सहकारीहरुलाई कार्यालय संचालनका लागी विभिन्न सामग्रीहरुको सहयोग गरिएको थियो ।
- विभिन्न समुदायमा रहेका समुहरुलाइ २६ दिने वित्तिय साक्षरता कक्षाहरु संचालन गरि वचत ऋण सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो ।
- सहकारीहरुलाई विभिन्न निति नियमहरु निमार्ण कार्यमा सहजिकरण तथा आवश्यक सहयोग गरिएको थियो ।
- वैकल्पीक जीविकोपाजर्न सम्वन्धी समुदायमा वेरोजगार यूवाहरुलाई विभिन्न सिपमुलक तालीमहरु दिएर उनीहरुको व्यवसायवाट स्तर उन्नती गरि उनीहरुको आयआर्जनमा वृद्धि गरिएको छ ।
- विदेश गएका विभिन्न समुदायका व्यक्तीहरुलाई विदेशवाट आएको विप्रेशणको व्यवस्थापनका लागी विभिन्न तालीम, वैठक र गोष्ठिको आयोजना गरिएको थियो ।
- विभिन्न सामुदायीक वनहरुमा वनको अवस्था, वातावरण र माटोको अवस्था हेरि विभिन्न किसिमका वृक्षारोपण गरिएको थियो ।
- सामुदायीक वनहरुमा जिल्ला वनकार्यालयले छुटाइएका जग्गाहरुमा समुदायका न्यून आयस्तर भएका सदस्यहरुलाई आयआर्जन मुलक विरुवा वृक्षारोपण गरिएको थियो ।
- संस्थाको क्षमता अभिवृदिका कृयाकलापहरु अन्तरगत संस्थाको वेभ साइट, विभिन्न निति नियमहरुको निमार्ण गरिएको छ ।
- समुदाय स्तरमा भएका विभिन्न सरकारी तथा गैर सरकारी निकायवाट दिने सेवाको पारदर्शिता, र शुसासनको पैरवी गर्ने कार्य गरिएको छ ।
- सरकारवाट तोकिएका निति नियमहरुको पालना गरिएको छ वा छैन भन्ने एकिन गर्ने कार्यक्रम भईरहेको छ ।
- विभिन्न सेवा सुविधा र कार्यक्रममा महिलाको उल्लेख्य सहभागीता गराउन पैरवी गर्दै आइरहेको छ ।
- समुदायमा विपद् व्यवस्थापन गर्न सक्षम तथा ज्ञान प्राप्त गरेका छन् ।
- धुवाँ रहित चुलोको प्रयोग मार्फत स्वास्थ्यमा पर्ने असर न्यूनिकरण भएको छ ।
- विषादी रहित तरकारी उत्पादन तथा प्रयोग भईरहेको छ ।
- करेसाबारी तरकारी खेती गर्ने प्राणालीको बिकास भएको छ ।
- विपद्कालिन अवस्था आएको अवस्थामा व्यवस्थापन कसरी गर्ने सन्दर्भमा सचेतना अभिबृद्धि भएको छ ।

भकारी परियोजनाबाट पालिका स्तरमा गठन भएका सामुदायिक संरचनाहरु

सामुदायिक विपद व्यवस्थापन समितिको विवरण

आठविस न.पा., दैलेख

| क्र.सं. | सामुदायिक विपद व्यवस्थापन समितिको नाम | ठेगाना |
|---|---|---|
| 1 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. १, डाब |
| 2 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. १, कोष |
| 3 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. २, सिस्ने |
| 4 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ३, साहीखोला |
| 5 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ४, जाक्सी |
| 6 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ४, सेरावाडा |
| 7 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ४, कुनडाँडा |
| 8 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ४, भेल्तडी |
| 9 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ४, खिडकिजिउला |
| 10 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ६, रोल |
| 11 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ७, बेरुपाटा |
| 12 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ८, तिलेपाटा |
| 13 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ८, नाउली |
| 14 | सामुदायिक विपद व्यवस्थापन समिति, | आठविस न.पा. ८, लामीछाने |

# कृषि समुहको बिवरण

## आठबिस न.पा,दैलेख

| क्र.स | कृषि समुहको नाम | ठेगाना |
|---|---|---|
| १ | रोल पशुपालन कृषि समुह | आठबिस न.पा ६ रोल |
| २ | बेरुपाटा पशुपालन कृषि समुह | आठबिस न.पा ७, बरुपाटा |
| ३ | कालिका कृषि समुह | आठबिस न.पा ४, भेल्तडि |
| ४ | कर्णालि कृषि समुह | आठबिस न.पा १, डाब |
| ५ | सिर्जनसिल कृषि समुह | आठबिस न.पा ४, जाक्सी |
| ६ | लामाभेडा कृषि समुह | आठबिस न.पा ४ खिड्कीज्युला |
| ७ | कालिका कृषि समुह | आठबिस न.पा ४, कुनडाँडा |
| ८ | फुलबारि कृषि समुह | आठबिस न.पा ८,नाउलि |
| ९ | जनचेतना कृषि समुह | आठबिस न.पा ४,सेराबाडा |
| १० | कर्णालि कृषि समुह | आठबिस न.पा ३,शाहिखोला |
| ११ | सिस्ने कर्णालि कृषि समुह | आठबिस न.पा २,सिस्ने |
| १२ | जनआस्था कृषि समुह | आठबिस न.पा ८,तिलेपाटा |
| १३ | नवशेरा कृषि समुह | आठबिस न.पा ४,सेराबाडा |

भकारी कार्यक्रम, दैलेख

**अल्पिकरणका योजनाहरुको विवरण**

| क्र.स. | पालीका | वडा नं. | योजनाको प्रकार | घरधुरी | जनसंख्या | सम्पन्न वर्ष | जम्मा लागत रु. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भकारी | गा.पा. | समुदाय | अन्य | जम्मा |
| 1 | आठबिस | 8 | नाउली बास खोला वायो इन्जिनियरीङ | 41 | 138 | पहीलो | 3,47,037.47 | | 42,217.58 | 4,45,452 | 8,34,707 |
| 2 | आठबिस | 8 | नाउली बास खोला वायो इन्जिनियरीङ | 41 | 138 | दोस्रो | 3,06,596.19 | | 52,650.00 | | 3,59,246.19 |
| 3 | आठबिस | 8 | लामिछाने ग्याविन वाल तथा वृक्षारोपण | 41 | 125 | दोस्रो | 1,61,331.56 | 0 | 33,010.00 | | 1,94,341.56 |
| **जम्मा** | | | | **123** | **401** | | - | 0 | **127,877.58** | **4,45,452** | **-** |

# भैरबी गा पा

## सामुदायिक विपद व्यवस्थापन समितिको विवरण

## भैरबि गाउँपालिका, दैलेख

| क्र.सं. | सामुदायिक विपद व्यवस्थापन समितिको नाम | ठेगाना |
|---|---|---|
| 1 | सामुदायिक विपद व्यवस्थापन समिति, | भैरबि गा.पा. ३ कुरेखोला |
| 2 | सामुदायिक विपद व्यवस्थापन समिति, | भैरबि गा.पा. ४ स्याउले |
| 3 | सामुदायिक विपद व्यवस्थापन समिति, | भैरबि गा.पा. ४ गडाज्यला |
| 4 | सामुदायिक विपद व्यवस्थापन समिति, | भैरबि गा.पा. ४ नीउरा |
| 5 | सामुदायिक विपद व्यवस्थापन समिति, | भैरबि गा.पा. ४ भैरबिखोला |
| 6 | सामुदायिक विपद व्यवस्थापन समिति, | भैरबि गा.पा. ५ मिज्माखोला |

## कृषि समुहको बिवरण

## भैरवि गाउँपालिका, दैलेख

| क्र.स | कृषि समुहको नाम | ठेगाना |
|---|---|---|
| 1 | प्रगतीशिल कृषि समुह | भैरवी गा.पा ४ गडाजीउला |
| 2 | देउति कृषि तथा बाखा समुह | भैरवी गा.पा ५ मिज्माखोला |
| 3 | हिमाली कृषि समुह | भैरवी गा.पा ४ निउरा |
| 4 | सरस्वती कृषि समुह | भैरवी गा.पा ४ भैरवीखोला |

## भैरवि गा. पा. मा रहेका अल्पिकरणका योजनाहरुको विवरण

| क्र. स. | योजनाको प्रकार | वडा नं. | घरधुरी | जनसंख्या | जम्मा लागत रु. | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भकारी | गा.पा. | समुदाय | जम्मा |
| 1 | ग्याविन वाल | 4 | 25 | 118 | 164,552.00 | - | 18,302.00 | 182,854.00 |
| 2 | ग्याविन वाल | 4 | 34 | 143 | 232,896.00 | - | 39,611.00 | 272,507.00 |
| 3 | ग्याविन वाल तथा बायो इन्जिनियरीङ | 4 | 53 | 187 | 346,953.00 | - | 123,250.00 | 470,203.00 |
| **जम्मा** | | | **112** | **448** | **744,401.00** | - | **181,163.00** | **925,564.00** |

## उत्पादनमुलक पानीका योजनाहरुको विवरण

## भैरबी गा.पा., दैलेख

| क्र.सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| 1 | साहुटोल  प्लाष्टिक पोखरी | भैरबी गा.पा. ४,निउरा |
| 2 | निज्मा सिचाई पोखरी | भैरबी गा.पा. ५,निज्मा |
| 3 | सिम मुल पलाष्टिक पोखरी | भैरबी गा.पा. ४, स्याउले |
| 4 | खाडाखोला पलाष्टिक पोखरी | भैरबी गा.पा. ४, गडाजिउला |
| 5 | भैरबीखोला पलाष्टिक पोखरी | भैरबी गा.पा. ४, भैरबीखोला |
| 6 | कुरेखोला सिचाई पोखरी | भैरबी गा.पा. ३, कुरेखोला |
| 7 | पहाडीपाखा सिचाई कुलो | भैरबी गा.पा. ३, कुरेखोला |

**सामुदायिक विपद व्यवस्थापन समितिको विवरण**
**चामुण्डाबिन्द्रासैनी नगरपालिका, दैलेख**

| क.सं. | सामुदायिक विपद व्यवस्थापन समितिको नाम | ठेगाना |
|---|---|---|
| 1 | सामुदायिक विपद व्यवस्थापन समिति, | चामुण्डाबिन्द्रासैनी न पा ८ खार |
| 2 | सामुदायिक विपद व्यवस्थापन समिति, | चामुण्डाबिन्द्रासैनी न पा ९ खारडंसुर |
| 3 | सामुदायिक विपद व्यवस्थापन समिति, | चामुण्डाबिन्द्रासैनी न पा ७ पाल्तडा |
| 4 | सामुदायिक विपद व्यवस्थापन समिति, | चामुण्डाबिन्द्रासैनी न पा ७ मष्टामाण्डौ |
| 5 | सामुदायिक विपद व्यवस्थापन समिति, | चामुण्डाबिन्द्रासैनी न पा ८ पुलबजार |

**कृषि समुहको बिवरण**

**चामुण्डाबिन्द्रासैनी , दैलेख**

| क.स | कृषि समुहको नाम | ठेगाना |
|---|---|---|
| 1 | पञ्चकोशी कृषि तथा पशुपंछि समुह | चामुण्डाबिन्द्रासैनी न पा ७ पाल्तडा |
| 2 | रामनगर कृषि समुह | चामुण्डाबिन्द्रासैनी न पा ८ पुलबजार |
| 3 | बडारुख कृषि समुह | चामुण्डाबिन्द्रासैनी न पा ७ मष्टामाण्डौ |
| 4 | खम्माडाँडा कृषि समुह | चामुण्डाबिन्द्रासैनी न पा ८ खार |
| 5 | चेतनशिल कृषि समुह | चामुण्डाबिन्द्रासैनी न पा ९ खार |
| 6 | जनप्रेमी कृषि समुह | चामुण्डाबिन्द्रासैनी न पा ९ डौसुर |

**उत्पादनमुलक पानीका योजनाहरुको विवरण**

**चामुण्डाबिन्द्रसैनी न पा ., दैलेख**

| क.सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| 1 | खाडा प्लाष्टिक पोखरी | **चामुण्डाबिन्द्रसैनी न पा ९ खाडा** |
| 2 | पुलबजार सिंचाइ पोखरी | **चामुण्डाबिन्द्रसैनी न पा ८ पुलबजार** |

| 3 | मष्टामाण्डौ सिंचाई पोखरी | **चामुण्डाबिन्द्रसैनी न पा ७ मष्टामाण्डु** |
|---|---|---|

चामुण्डा न.पा. मा रहेका अल्पिकरणका योजनाहरुको विवरण

| **क्र. स.** | **योजनाको प्रकार** | **समुदाय** | **वडा नं.** | **घरधुरी** | **जनसंख्या** | **सम्पन्न वर्ष** | **जम्मा लागत खर्च रु.** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **भकारी** | **न. पा.** | **समुदाय** | **अन्य** | **जम्मा** |
| १ | ग्याविन वाल | पाल्तडा | ७ | ४४ | १२५ | पहीलो | ४०६०३१ | ० | ५२५७९ | | ४५८६११ |
| २ | ग्याविन वाल | खारडौसुर | ९ | ५१ | १६७ | पहीलो | ५२१६८० | ० | ७७६९८ | | ५९९३७८ |
| ३ | ग्याविन वाल | पुलवजार | ८ | ३३ | १०२ | पहीलो | १८५२४९ | ० | २२७५० | | २०७९९९ |
| ४ | बायो यन्जिनियरीङ | खारडौसुर | ९ | ३४ | १०७ | दोस्रो | ४०५८७७ | ० | ६५९०० | | ४७१७७८ |
| ५ | ग्याविन वाल | पाल्तडा | ७ | १७ | ५६ | दोस्रो | १३४८६० | ० | २४८९० | | १५९७५० |
| ६ | वृक्षारोपण | खारडौसुर | ७ | ६५ | २४३ | दोस्रो | १३४६२० | ० | ४०२७५ | | १४१९५० |
| ७ | बायो यन्जिनियरीङ | आमखाडा | ९ | ६७ | २३३ | तेस्रो | ३९२७४६ | ० | ११४१५० | | ५०६८९६ |
| **जम्मा** | | | | **३११** | **१०३३** | | **२१८१०६३** | | **३९८२४२** | | **२५४६३६२** |

दुल्लु नगरपालिका

| सामुदायिक विपद व्यवस्थापन समितिको विवरण | | |
|---|---|---|
| **दुल्लु न पा., दैलेख** | | |
| **क्र.सं.** | **सामुदायिक विपद व्यवस्थापन समितिको नाम** | **ठेगाना** |
| **1** | **सामुदायिक विपद व्यवस्थापन समिति,** | **दुल्लु न.पा ६ तोलीपानी** |
| **2** | **सामुदायिक विपद व्यवस्थापन समिति,** | **दुल्लु न.पा १३ खातीगौडा** |
| **3** | **सामुदायिक विपद व्यवस्थापन समिति,** | **दुल्लु न.पा ३ सियाला** |
| **4** | **सामुदायिक विपद व्यवस्थापन समिति,** | **दुल्लु न.पा ३ पाली** |
| **5** | **सामुदायिक विपद व्यवस्थापन समिति,** | **दुल्लु न.पा २ सुवाछेडा** |
| **6** | **सामुदायिक विपद व्यवस्थापन समिति,** | **दुल्लु न.पा ९ प्यादुरा** |
| **7** | **सामुदायिक विपद व्यवस्थापन समिति,** | **दुल्लु न.पा १३ औलभिनाडी** |

कृषि समुहको बिवरण

दुल्लु न.पा., दैलेख

| **क्र.स** | **कृषि समुहको नाम** | **ठेगाना** |
|---|---|---|
| १ | खातीगौडा कृषि समुह | दुल्लु न.पा १३ खातीगौडा |
| २ | प्यादुरा कृषि तथा बाखा समुह | दुल्लु न.पा ९ प्यादुरा |
| ३ | मुलपानि कृषि समुह | दुल्लु न.पा ३ पाली |
| ४ | डंगेल कृषि तथा मासुजन्य बाखा समुह | दुल्लु न.पा २ सुवाछेडा |
| ५ | सियाला नाउली कृषि समुह | दूल्लु न.पा ३ सियाला |
| ६ | तोलीपानी तरकारी तथा बिउ उत्पादन समुह | दूल्लु न.पा ६ तोलीपानी |

## अल्पिकरणका योजनाहरुको विवरण

## दुल्लु न.पा., दैलेख

| क्र. स. | योजनाको नाम | ठेगाना | कैफीयत |
|---|---|---|---|
| १ | झापाधारा ग्याविन वाल तथा वृक्षारोपण योजना | दुल्लु न.पा., १३ दैलेख | |
| २ | खातिगौडा ग्याविन वाल तथा वृक्षारोपण योजना | दुल्लु न.पा., १३ दैलेख | |
| ३ | खातिगौडा ग्याविन वाल तथा वृक्षारोपण योजना | दुल्लु न.पा., १३ दैलेख | |
| ४ | तोलिपानि वृक्षारोपण योजना | दुल्लु न.पा., ६ दैलेख | |
| ५ | पाली वृक्षारोपण योजना | दुल्लु न.पा., ३ दैलेख | |
| ६ | तोलीपानि ग्याविन वाल तथा बायो इन्जिनियरीङ योजना | दुल्लु न.पा., ६ दैलेख | |
| | | | |

### उत्पादनमुलक पानीका योजनाहरुको विवरण

### दुल्लु न पा ., दैलेख

| क्र.सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| 1 | सुवाछेडा सिचाई कुलो | **दुल्लु न पा २ सुवाछेडा** |
| 2 | औलभिनाडी प्लाष्टिक पोखरी | **दुल्लु न पा १२ औलभिनाडी** |
| 3 | प्यादुरा सिंचाई पोखरी | **दुल्लु न पा ९ प्यादुरा** |
| 4 | तोलीपानी बहुउदेश्यीय खा पा प्रणाली | **दुल्लु न पा ६ तोलीपानी** |

## सामुदायिक विपद व्यवस्थापन समितिको विवरण

## ठाटीकाँध गा.पा., दैलेख

| क्र.सं. | सामुदायिक विपद व्यवस्थापन समितिको नाम | ठेगाना |
|---|---|---|
| 1 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा १ सिराडी |
| 2 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा १ मटेला |
| 3 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा २ शेरीपाटा |
| 4 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा २ प्याडुली |
| 5 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा २ टम्टला |
| 6 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा ६ देउलेसिम |
| 7 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा ५ आग्र |
| 8 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा ५ तोलीपाटा |
| 9 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा ६ वडाचौर |
| 10 | सामुदायिक विपद व्यवस्थापन समिति, | ठाटीकाँध गा.पा ६ भम्क |

| कृषि समुहको बिवरण | | |
|---|---|---|
| ठाँटिकांध गा.पा,दैलेख | | |
| **क्र.स** | **कृषि समुहको नाम** | **ठेगाना** |
| १ | दिदिबहिनि कृषि तथा पशुपंक्षि कृषक समुह | ठाँटिकांध गा.पा २,सेरिपाटा |
| २ | धौलापाडा कृषि तथा पशुपंक्षि पालन कृषक समुह | ठाँटिकांध गा.पा ५,आग्र |
| ३ | लालिगुँरास कृषि तथा पशुपंक्षि पालन कृषक समुह | ठाँटिकांध गा.पा २,सेरिपाटा |
| ४ | मालिका कृषि तथा पशुपंक्षि कृषक समुह | ठाँटिकांध गा.पा ५,तोलिपाटा |
| ५ | डाँडाबन कृषि तथा पुशुपंक्षि पालन कृषक समुह | ठाँटिकांध गा.पा २,टम्टाला |
| ६ | अर्गानिक कृषक समुह | ठाँटिकांध गा.पा १,सिराडि |
| ७ | गताड कृषि तथा पशुपंक्षि पालन कृषक समुह | ठाँटिकांध गा.पा १, मटेला |
| ८ | न्यू तिनतोलि कृषि तथा पशुपंक्षि पालनकृषक समुह | ठाँटिकांध गा.पा ६,देउलेसिम |
| ९ | न्यू तिनतोलि कृषि तथा पशुपंक्षि पालनकृषक समुह | ठाँटिकांध गा.पा ६,भम्क |
| १० | लालिगुँरास कृषक समुह | ठाँटिकांध गा.पा ६,भडाचौर |
| ११ | चेतना कृषि तथा पशुपंक्षि कृषक समुह | ठाँटिकांध गा.पा ६,भडाचौर |

**अल्पिकरण योजनाहरुको विवरण**

**ठाटिकाँध गा.पा., दैलेख**

| क्र.सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| 1 | सिराडी ग्याविन वाल तथा वृक्षारोपण | ठाटिकाँध गा.पा. १, सिराडी |
| 2 | भडाचौर ग्याविन वाल तथा वृक्षरोपण | ठाटिकाँध गा.पा. ६, भडाचौर |
| 3 | टम्टाला बायो इन्जिनियरीङ योजना | ठाटिकाँध गा.पा. २, टम्टाला |
| 4 | थापाटोल बायो इन्जिनियरीङ तथा कृषि प्रर्दशनि केन्द्र | ठाटिकाँध गा.पा. २, टम्टाला |

## उत्पादनमुलक पानीका योजनाहरुको विवरण

## ठाटिकाँध गा.पा., दैलेख

| क्र.सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| 1 | देउलेसिम बहुउद्धेश्य खानेपानी प्रणाली | ठाटिकाँध गा.पा. ६, देउलेसिम |
| 2 | सेरीपाटा सिचाइ कुलो | ठाटिकाँध गा.पा. २, सेरीपाटा |
| 3 | लामामेला सिचाइ पोखरी | ठाटिकाँध गा.पा. ६, भडाचौर |
| 4 | भडाचौर सिचाइ पोखरी | ठाटिकाँध गा.पा. ६, भडाचौर |
| 5 | सिराडी सिचाइ पोखरी | ठाटिकाँध गा.पा. १, सिराडी |
| 6 | बिजय टोल सिचाइ पोखरी | ठाटिकाँध गा.पा. १, सिराडी |
| 7 | टम्टन्ला सिचाइ पोखरी | ठाटिकाँध गा.पा. २, टम्टन्ला |
| 8 | भम्क सिचाइ पोखरी | ठाटिकाँध गा.पा. ६, भम्क |
| 9 | बोगटि टोल प्लाष्टिक पोखरी | ठाटिकाँध गा.पा. २, टम्टन्ला |
| 10 | एकान्तखोला प्लाष्टिक पोखरी | ठाटिकाँध गा.पा. ५, तोलीपाटा |
| 11 | डाँडाबन प्लाष्टिक पोखरी | ठाटिकाँध गा.पा. १, सिराडी |
| 12 | भिमपाइला प्लाष्टिक पोखरी | ठाटिकाँध गा.पा. २, सेरीपाटा |
| 13 | बोगटि टोल प्लाष्टिक पोखरी (मर्मत) | ठाटिकाँध गा.पा. २, टम्टन्ला |
| 14 | एकान्तखोला प्लाष्टिक पोखरी (मर्मत) | ठाटिकाँध गा.पा. ५, तोलीपाटा |

**मुख्य सिकाइहरु**

- स्थानिय सरकारको विपद व्यबस्थापन ऐनमा सामुदायिक विपद व्यबस्थापन समितिहरुको प्रावधान भए स्थानिय सरकारको विपद व्यबस्थापनको लागी महत्वपूर्ण जिम्मेवारी पुरा गर्न सहयोग
- अल्पीकरनका कार्यहरुमा स्थानिय सरकार संगको सहकार्यबाट सानो बजेटबाट प्रभावकारी काम गर्न सकिने
- स्थानिय सरकारको विपद ब्यस्थापन नीति तथा कार्यबिधीहरुको बारेमा जनप्रतिनिधीहरुलाई अभिमुखिकरन गर्दा , प्रतिकार्य राहत तथा पुर्नस्थापनका कार्यमा प्रभावकारी हुने
- कृत्रिम घटना अभ्यास संचालन भई रहेमा बास्तविक विपदको घटनाको समयमा प्रभावकारी रुपमा प्रतिकार्य गर्न सहज हुने
- जिल्ला तथा पालिकाको विपद पूर्बतयारी तथा प्रतिकार्य योजनाहरु को अद्यावधिक गर्दा विपद सम्पर्क ब्यक्तिहरुलाई बढी जिम्मेवार बनाउनु पर्ने
- समुदाय स्तरीय खोज तथा उद्धार र प्राथमिक उपचार सम्बन्धि तालिमहरु संचालन गर्दा समुदायमा समय दिन सक्ने ब्यक्तिहरुको पहिचान गरेर सहभागि गराउनु पर्ने
- विपद प्रतिकार्य पछिको समिक्षा गर्दा आगामी प्रतिकार्यका लागी सहज बनाउने
- एकिकृत शत्रुजीव ब्यस्थापन केन्द्र निर्माणका लागी स्थानिय सरकार संग समन्वय गरी सेवक दैलेखको प्राबिधिक सिपको बिस्तार गर्दा अन्य संकटासन्न समुदायको खाद्य सुरक्षामा पहुँच बृद्धि हुने ।
- उपयोगमुलक पानी तथा अन्य योजनाहरुको बिमाको लागी समुदायलाई सुसुचित गराउन सके कुनै पनि योजनाहरु दीगोरुपमा संचालन गर्न सकिने

**असल अभ्यास**

- भैरबी गा पा ले विपद प्रतिकार्यका लागी क्षमता अभिबृद्धि का लागी बजेट विनियोजन तथा विपद पूर्बतयारी तथा प्रतिकार्य योजना निर्माणमा अपनत्व ग्रहण
- जिल्ला स्तरीय कृत्रिम घटना अभ्यास कार्यक्रममा सबै सरोकारवाला निकायहरु संग सहकार्य
- सामुदायिक विपद ब्यबस्थापन समितिलाई स्थानिय तहमा सुचीकृत गर्ने
- सम’दायमा उपलब्ध गराएको प्रतिकार्य सामग्रीहरुको प्रयोगमा नियमित अनुगमन
- सामुदायिक विपद ब्यबस्थापन समिति बाट आकस्मिक विपद ब्यबस्थापन कोष स्थापनामा नेतृत्व

**चुनौतीहरु**

- तलिम लिएका समुदाय का ब्यक्तिहरु पलाएन हुने तथा पालिकाका कर्मचारीहरु जिल्ला तथा पालिकाको विपद पूर्बतयारी तथा प्रतिकार्य योजनाहरु को अद्यावधिक गर्दा
- समुदाय स्तरीय खोज तथा उद्धार र प्राथमिक उपचार सम्बन्धि तालिमहरु संचालन गर्दा समुदायमा समय दिन सक्ने ब्यक्तिहरुको पहिचान गरेर सहभागि गराउन’ पर्ने

संस्थाबाट समुदाय स्तरमा संचालित गबिबिधीहरुको झलक

| | |
|---|---|
|  |  |
| विपद प्रतिकार्यको नमुना अभ्यास आठबिस | जोखिम न्यनीकरणका लागी अल्पीकरण कार्य आठबिस |
|  |  |
| | |
|  |  |
| | |
|  |  |